बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ५ अंक १२ मिति : जेठ २८ गते २०७८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -२

# मर्मत सम्भार कोष स्थापना सञ्चालन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि-२०७८

कार्यपालिकाबाट पारित मिति २०७८।०२।२१

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को ७ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र सिचाई, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, उर्जा जस्ता विषयहरूमा संघीय/प्रादेशिक नीति मार्गदर्शन अनुरूप र दफा ११ (१) बमोजिम एकल अधिकारको सूचीका मर्मत जन्य क्षेत्रहरू स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, शिक्षा, स्वास्थ्य र सरसफाईजन्य पूर्वाधारहरू, स्थानीय बजार व्यवस्थापन, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई जस्ता क्षेत्रहरूको मर्मत कार्य प्रयोजनका लागि चालु आ. व मा सञ्चालित योजनाहरू बाट ०.५ % कट्टागरी मर्मत सम्भार प्रयोजनका लागि नगर सभाबाट थप वा अन्य संघ/संस्था/निकाय/उपभोक्ता/व्यक्तिबाट समेत जम्मा गर्न सकिने गरी एक छुट्टै मर्मत सम्भार कोषको व्यवस्थापन गर्ने प्रयोजनका लागि दफा ११(२) तथा उपदफा(७) बमोजिमका विषयमा व्यवस्था गर्न सोही ऐनको दफा १०२ को उपदफा(२) बमोजिम यो कार्यविधि कार्यपालिकाबाट पारित गरी २०७८ साउन १ गते देखि लागु हुने गरी कोष स्थापना र परिचालन गर्ने निर्णय गरियो ।

## १. परिभाषा :

क) **"मर्मत सम्भार कोष"** भन्नाले चालु आ. ब मा सञ्चालित योजनाबाट ०.५% रकम कट्टा गरी (उपभोक्ताको समेतको) सोही र उस्तै प्रकृतिका योजना/परियोजनाका मर्मत/सम्भार प्रयोजनका लागि रकम कट्टा र आगामी आ. ब मा संकलित तथा थप रकम समेतको अनुमान गरी आकस्मिक तथा नियमित मर्मतका लागि स्थापना गरिएको कोषलाई बुझाउने छ।

ख) **"कार्यविधि"** भन्नाले मर्मत सम्भार कोष स्थापना, सञ्चालन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिलाई जनाउने छ।

ग) **"मर्मत सम्भार अवधि"** मर्मत सम्भार अवधि भन्नाले अघिल्लो वा सो भन्दा एक आ. ब अघि निमित संरचनाहरूको विपदका कारणले (बाढी, पहिरो, भूक्षय) वा अन्य प्राकृतिक कारणले क्षति पुर्‍याएको भनि वडा कार्यालयबाट विपद् वा प्राकृतिक कारणले क्षति पुगेको भनि यकिन भई आएको हकमा प्राविधिक रूपमा क्षतिको यर्थाथ यकिन गरी पेश भएपछि आकस्मिक र नियमित रूपमा साउन १ देखि पुष मसान्त सम्म मर्मत गर्ने कार्यलाई जनाउने छ।

घ) **"जिम्मेवारी शाखा"** भन्नाले पूर्वाधार जन्य क्षति र सोको मर्मत प्रयोजनको लागि पूर्वाधार शाखा जिम्मा हुनेछ।

ङ) **"रकम सिमा"** मर्मत सम्भार प्रयोजनका लागि एउटा योजनाको हकमा अधिकतम सिमा ३ लाख सम्मको रहनेछ र मर्मत कार्य अमानत/कोटेशन वा उपभोक्ता बाट अवस्था गरी पूर्वाधार शाखाले गर्नेछ ।

दुबै कान देखिने हाल सालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो

## २. मर्मत सम्भार अवधि, सिमा र जिम्मेवारी

मर्मत सम्भारको अवधि साधारण तथा साउन १ देखी पुष मसान्त सम्म रहनेछ , मर्मतका लागि एउटा योजनामा अधिकतम ३ लाख सम्म मात्र खर्च गर्न सकिनेछ सो भन्दा बढीको क्षति भएको अवस्थामा सभाबाट बजेट व्यवस्था गरी(औचित्यको आधारमा) कार्यान्वयन गर्न वाधा पुगेको मानिने छैन र मर्मत कार्य आवश्यकता अनुसार अमानत/कोटेशन/समिति मार्फत गर्ने/गराउने दायित्व सहजीकरण समितिको सिफारिस पूर्वाधार शाखाको रहनेछ।

## ३. मर्मत सम्भार कोष परिचालन सहजीकरण समिति सम्बन्धमा

मर्मत सम्भार गरी साबुत अवस्थामा सञ्चालन गर्न सकिने, अधिकतम हित हुने खालका योजना /परियोजना कार्यहरूको यकिन गरी सिफारिस गर्ने देहाय बमोजिमको समिति रहनेछ उक्त समितिले निर्णय/भएका कार्यहरूको समीक्षा र सुधार र उपयोगी बनाउन हिउँदे अधिवेशनमा छलफल चलाउने छ। उक्त समिति देहाय अनुरूप रहनेछ।

| | | |
|---|---|---|
| नगर प्रमुख | - | संयोजक |
| उप प्रमुख | - | उप संयोजक |
| सदस्य | - | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - | फरक दलबाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य |
| सदस्य सचिव | - | पूर्वाधार शाखा प्रमुख |

उक्त समितिको बैठक हरेक आ. ब भदौ १५ पछि कम्तीमा ३ वाट बस्नेछ र विपद् जन्य क्षतिको यकिन गरि (सडक, खानेपानी, विद्यालय) शाखालाई कार्यान्वयनको जिम्मा दिनेछ।

आर्थिक प्रशासन योजना शाखा प्रमुख तथा पूर्वाधार समिति संयोजकलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिने छ।

**समितिको काम ,कर्तव्य**

क) मर्मत जन्य कार्यहरूको खाका बनाउने।

ख) बजेटको यकिन गर्ने

ग) अमानत/कोटेशन वा समिति कसबाट गर्दा उपयोगी हुने हो विधि यकिन गर्ने।

घ) प्रगति आगामी हिउँदे नगरसभामा पेश गर्ने।

**४. मर्मत सम्भार कार्यविधि र कोष सञ्चालन**

क) मर्मत सम्भार कार्य भन्नाले प्राकृतिक विपद् वा नियमित आकस्मिकताका कारणले सडक ,खानेपानी , स्वास्थ्य ,विद्यालय ,वातावरण जस्ता दफा ११(२) तथा दफा ३ बमोजिमको (संघ/प्रदेश सँग डुप्लिकेशन नहुने गरी) जिम्मेवारीका कार्यहरू लगतै अघिल्लो वा सो भन्दा एक आ. ब अघि सम्म निर्मित भएको संरचनाहरूको मर्मत द्वारा साबुत अवस्थामा सञ्चालन गर्ने प्रयोजनका लागि भदौ १५ (आवश्यकता र औचित्यका आधारमा सो भन्दा अगावै बस्न वाधा परेको मानिने छैन) देखि पुष मसान्त सम्म कार्य गरी सेवा /सुविधाको निर्वाह उपयोग गर्ने कार्य बुझिने र उक्त कार्यका लागि अघिल्लो आ.व का योजनाहरूबाट कट्टा गरिएको ०.५% र थप समेत गरी कार्यक्रम खाका बनाई मर्मत गर्ने कार्य र सोका लागि कोष व्यवस्थापन गर्नु हो।

ख) कोषको सञ्चालन : कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखबाट हुने छ ।विविध शीर्षकको खातामा जम्मा गरी सोही खाता वाट गर्ने वा अन्य उपयुक्त विधि अवलम्बन गर्ने जिम्मा पालिकामा रहने छ ।

ग) प्रतिवेदन र परीक्षण आन्तरिक/बाह्य परीक्षकबाट हुनेछ ।

## ५. सञ्चालन विधि

क) सहजीकरण समितिले आवश्यकता र औचित्यको आधारमा निर्णय गरी अमानत, कोटेशन वा समिति मार्फत मर्मत जन्य कार्य गरिनेछ । ठेक्का मार्फत निर्माण भएका योजना/परियोजनाको हकमा DLP समयावधि अनिवार्य पुरा भएको हुनुपर्ने छ ।

ख) मर्मत सम्भार समिति सानो र छरितो हुने गरी बढीमा ५ सदस्यीय समावेशी सिद्धान्तको मर्म अनुरूप गर्नुपर्ने छ ।

## ६. संशोधन ,परिमार्जन तथा खारेजी सम्बन्धमा ।

यो कार्यविधिको आवश्यकता र औचित्यताको आधार संशोधन, परिमार्जन वा खारेजी सम्मको अधिकार कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत